# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २८ ]काठमाडौं, जेठ १ गते २०३५ साल [अतिरिक्ताङ्क ६


# शाही–सन्देश

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट २०३५ साल जेष्ठ १ गते जापानको राजकीय भ्रमणको लागि प्रस्थान गरिबक्सनु अघि देशवासीका नाममा बक्सेको सन्देशः–

प्यारा देशवासीहरू,

१. आज हामी मित्रराष्ट्र जापानको सातदिने राजकीय भ्रमणको लागि प्रस्थान गर्दैछौं । जाँदा बाटोमा छिमेकी राष्ट्र जनवादी चीन र स्वदेश फर्कंदा फिलिपिन्स र मलेशियाको पनि हामी अनौपचारिक भ्रमण गर्दैछौं ।

२. तुलनात्मक हिसाबले सानै आकारको भए तापनि संसारभरिको अति आधुनिक सीप, प्रविधि, कला र उद्योगलाई अँगालेर आफ्नो सबल अस्तित्व र स्वतन्त्रतालाई अक्षुण्ण राख्न सक्ने जापान एशियाको एक यस्तो अनुपम देश हो जसबाट हामीले पनि केही प्रेरणा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लिएर विकासको अभियानमा अगाडि बढ्न सक्नेछौं । हाम्रो यस भ्रमणबाट जापान र नेपाल बीच रहिआएको द्विपक्षीय सम्बन्धलाई आपसी समझदारीको आधारमा अझै अभिवृद्धि गर्न बढावा मिल्ने हामीले आशा राखेका छौं ।

३. हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कार्यको लागि हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाहको अध्यक्षतामा राजप्रतिनिधि परिषद् गठन गरिबक्सेका छौं । मुलुकको भइपरि आउने दैनिक काम मन्त्रिपरिषद्ले गर्ने नै छ । समस्त देशवासीहरूले नेपाल र नेपालीको भलाइ सोची अमन चैन कायम राख्ने विकास कार्य गर्नमा आ-आफ्ना क्षेत्रबाट सहयोग गर्नेछन् भन्ने हामीलाई विश्वास छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् ।

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

१८६६

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।